# राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission
केन्द्रीय कार्यालय, Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal

## प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७२ कार्तिक १ गते

### आयोग दशैं, तिहार तथा छठ बिदामा खुला रहने

राष्ट्रिय मानव अधिकार आयोगको केन्द्रीय, क्षेत्रीय तथा उप-क्षेत्रीय कार्यालयहरु आगामी दशैं, तिहार तथा छठ बिदाका दिनहरुमा दिउँशो ११ बजे देखि २ बजेसम्म खुला रहने छन्।

आमनागरिकको मानव अधिकार संरक्षणको कार्यलाई ध्यानमा राखी आयोगले विदाका दिनमा उजुरी शाखा खुला राख्ने व्यवस्था मिलाएको हो ।

यस अवधिमा आयोगले मानव अधिकार उल्लङ्घन र ज्यादतीका उजुरीहरु लिने तथा आवश्यकता अनुसार गम्भीर प्रकृतिको घटनामा आकष्मिक अनुगमन समेत गर्नेछ ।

दशै, तिहार र छठलाई मध्य नजर गर्दै आन्दोलनका सम्पूर्ण कार्यक्रम स्थगित गरी नागरिकको स्वतन्त्र पूर्वक आवत जावत गर्ने तथा सांस्कृतिक अधिकारको संरक्षण गर्न आयोग आन्दोलनरत राजनीतिक दलहरुलाई आग्रह गर्दछ ।

साथै, विगत लामो समय देखि औषधि, ग्यास तथा पेट्रोलियम पदार्थको आपूर्ति व्यवस्था सहज नभएका कारण दैनिक जनजीवनमा पर्न गएको प्रभाव न्यून गर्न तथा उपभोक्ताको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारलाई प्रभावकारी रुपमा संरक्षण गर्न आयोग नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ ।

मोहना अन्सारी

सदस्य तथा प्रवक्ता

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org